# गुल्मीदरबार गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड : ४ संख्या :१८ पुस २४, २०८१

## भाग-३

## सूचना

गुल्मीदरबार गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८१/०९/२३ गते बसेको गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको यो सूचना प्रकाशन गरिएको छ।

<table>
<tr><th>निर्णय नं.</th><th>निर्णय</th></tr>
<tr><td>१</td><td>यस भन्दा अगाडी कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको छलफल तथा समिक्षा गरियो । निर्णय कार्यान्वयनको अवस्था सन्तोष जनक पाइयो ।</td></tr>
<tr><td>२</td><td>गुल्मीदरबार गाउँपालिकामा आ.व.२०८१/०८२ को पौष मसान्तसम्म कार्यरत सम्पूर्ण करार कर्मचारीहरुको म्याद २०८२ साल असार मसान्तसम्मको लागि थप गर्ने निर्णय गरियो ।</td></tr>
<tr><td>३</td><td>गुल्मीदरबार गाउँपालिका गाउँ कार्यपालिकाको गाउँ सभाको १६औं अधिवेशनमा पेश हुने कार्यसूची छलफल गरि स्वीकृत गरियो ।</td></tr>
<tr><td>४</td><td>गुल्मीदबार गाउँपालिकाको अति विपन्न नागरिकको लागि निःशुल्क एम्बुलेन्स सेवा सम्बन्धी कार्यविधि, २०८१ सर्वसम्मतिले स्वीकृत गरियो ।</td></tr>
<tr><td>५</td><td>यस गुल्मीदरबार गाउँपालिका अन्तर्गत एस.इ.ई. मा सम्मिलित हुने विद्यार्थीहरुलाई हालका केन्द्रहरु अपायक तथा असुविधा भएको र तपसिल अनुसारका विद्यालयहरुका विद्यार्थीहरुको संख्या पनि पुग्ने भएकोले गुल्मीदरबार गाउँपालिका, वडा नं.-३ स्थित श्री म्यालपोखरी माध्यमिक विद्यालयमा केन्द्र थप गरिदिनु हुन भनि माग गर्ने निर्णय गरियो ।<br>तपसिलः
<table>
<tr><th>क्र. सं</th><th>विद्यालयको नाम</th><th>ठेगाना</th><th>विद्यार्थी संख्या</th></tr>
<tr><td>१</td><td>रुन्खा दह मा.वि.</td><td>गुल्मीदरबार-४, गुल्मी</td><td>५०</td></tr>
<tr><td>२</td><td>ग्रीन वड इ.बो. स्कुल</td><td>गुल्मीदरबार-४, गुल्मी</td><td>१७</td></tr>
<tr><td>३</td><td>राजारुन्खा मा.वि.</td><td>गुल्मीदरबार-३, गुल्मी</td><td>१३</td></tr>
<tr><td>४</td><td>थाक्सीपोखरा मा.वि.</td><td>गुल्मीदरबार-१, गुल्मी</td><td>१४</td></tr>
<tr><td>५</td><td>पदम बहादुर मा.वि.</td><td>गुल्मीदरबार-१, गुल्मी</td><td>११</td></tr>
<tr><td>६</td><td>काब्रेपोखरी मा.वि.</td><td>गुल्मीदरबार-२, गुल्मी</td><td>१०</td></tr>
<tr><td>७</td><td>सूर्योदय मा.वि.</td><td>गुल्मीदरबार-२, गुल्मी</td><td>२५</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१४०</td></tr>
</table></td></tr>
<tr><td>६</td><td>मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रम सञ्चालनको लागि गठित समन्वय समितिले गरेका निर्णयहरु उपर छलफल गरि अनुमोदन गरियो ।</td></tr>
<tr><td>७</td><td>गुल्मीदरबार गाउँपालिकाको गाउँ शिक्षा योजना तर्जुमाको लागि तपशिल बमोजिमको विज्ञ समूह गठन गर्ने निर्णय गरियो ।<br>तपशिलः<br>१ हरि प्रसाद अर्याल — कानुनी सल्लाहकार<br>२ ठाकुर प्रसाद खनाल — पूर्व प्रधानाध्यापक<br>३ हरि बहादुर कार्की — प्रधानाध्यापक श्री ईश्वरी मा.वि.<br>४ ज्ञान बहादुर खड्का — पूर्व प्रधानाध्यापक<br>५ धन बहादुर थापा — पूर्व प्रधानाध्यापक</td></tr>
</table>

| | |
|---|---|
| ८ | गुल्मीदरबार गाउँपालिका र देउराली इन्जिनियरिङ्ग कम्पनी प्रा.लि.धोविधारा-२८ काठमाडौको नाममा ठेक्का नं. GDRM/NCB/W-16/080-081 को उपल्लो हटिया चिनियापोखरी भरवा राङ्गवास फेदी खर्ज्याङ्ग सडक स्तरोन्नतीको लागि दोस्रो बोलपत्र स्वीकृत भइ २०८१ बैशाख १८ गते २०८१ असार १६ गतेसम्म सम्पन्न गर्ने गरि सम्झौता भएकोमा तोकीएको समयमा काम सम्पन्न हुन नसकी २०८१ पौष मसान्तसम्म म्याद थप भएकोमा सो अवधिमा पनि काम सम्पन्न नगरि मिति २०८१/०९/०५ गते म्याद थपको निवेदन प्राप्त भएकोमा निजले काममा ढिलासुस्ति गरेको हुँदा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ बमोजिम जरिवाना लाग्ने गरि मिति २०८१/११/२९ गतेसम्म म्याद थप गर्ने निर्णय गरियो । |
| ९ | दोबाटा-रेसुंगा एयरपोर्ट मोटरबाटोको लागि गरिएको ठेक्काबाट भए बचेको रकमबाट सोही योजनाको फरक चेनेजमा काम गराउने निर्णय गरियो । |
| १० | विविध विषयमा गरिएका निर्णयहरुः<br>➢ राष्ट्रिय परिचय-पत्र वडा/वडाहरुमा टोलि खटाएर वितरण गर्दा वडाबाट थप जनशक्ति खटाएको र टोलिमा खटिएका कर्मचारीहरुलाई खाना, खाजा र आवासको व्यवस्थाको लागि सवै वडा कार्यालयलाई खर्च भएको बिल भर्पाइको आधारमा अधिकतम रु. १८०००।– का दरले विविध कार्यक्रम शिर्षकबाट भुक्तानी दिने ।<br>➢ गुल्मीदरबार गाउँपालिका वडा नं. २ का वडा सदस्य तोमान सिंह थापाले घाँटीको अप्रेसन गर्दा धेरै खर्च भएकोले गाउँपालिकाबाट आर्थिक सहायता माग गर्नुभएको हुँदा सोही शिर्षकबाट रु. ४००००।– आर्थिक सहायता उपलब्ध गराउने ।<br>➢ विभिन्न वडामा स्वास्थ्य इकाईहरु स्थापना गर्नको लागि कर्मचारी व्यवस्थाका लागि सम्बन्धित स्वास्थ्य चौकीको व्यवस्थापन समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले मिलाउने ।<br>➢ गुल्मीदरबार गाउँपालिका वडा नं. १ र वडा नं. २ जोड्ने डल्लीखोलाको पुलका मुखसम्म बाटो हिलो भएको हुँदा लागत स्टिमेट बमोजिम काम गराई मर्मत शिर्षकबाट भुक्तानी दिने ।<br>➢ गुल्मीदरबार गाउँपालिका वडा नं.६ निवासी सेती सार्कीको आर्थिक अवस्था कमजोर भएकोले निजको औषधी उपचार गर्न समस्या भएको भनी सहायता माग गरेको हुँदा आर्थिक सहायता स्वरुप रु. ३५०००।–उपलब्ध गराउने । |
| ११ | गुल्मीदरबार गाउँपालिकाको आ.व. २०८१/०८२ को बजेट तथा कार्यक्रम तपशिल बमोजिम संशोधनको लागि गाउँ सभाको १६औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।<br>तपशिलः |

आज्ञाले,

(भेषराज घिमिरे)

प्रमुख प्रशासकीय अधिकृत